# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १८ मई २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

1. पश्चिम बंगाल स्कूल सेवा आयोग भर्ती घोटालाई लिएर शिक्षा विभाग मुख्यालय बाहिर प्रदर्शन गरिरहेका १७ जना शिक्षकहरुलाई पुलिसद्वारा समन जारी गरिएको छ।
2. पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले एकपटक फेरि राज्यको ममता ब्यनर्जी सरकारमाथि प्रहार गरेका छन्।
3. न्यायलयमा बिचारधीन ३१३ शिक्षकहरुको मुद्दामाथि बोल्दै जिटिए प्रमुख अनित थापाले आफूहरु सिस्टमको पक्षमा रहेको र नियुक्तिहरू सिस्टम अनुसार हुनु पर्ने बिषय माथि जोड दिनुभएको छ।
4. आज विश्वभरि अन्तर्राष्ट्रीय संग्रहालय दिवस मनाइन्दै छ।
5. किराँती खम्बु (राई) सांस्कृतिक संस्थानको आयोजनामा आगामी २४ अनि २५ मईको दिन मिरिकमा साकेला उभौली महोत्सव २०२५ हुने भएको छ।

## पश्चिम बंगाल एसएससी

पश्चिम बंगाल स्कूल सेवा आयोग भर्ती घोटालाई लिएर शिक्षा विभाग मुख्यालय बाहिर प्रदर्शन गरिरहेका १७ जना शिक्षकहरुलाई पुलिसले समन जारी गरेको छ। ती शिक्षकहरुलाई आगामी २१ मई बिहान ११ बजे कोलकाता स्थित बिधाननगर उत्तर थानामा पेश हुने आदेश दिईएको छ। पुलिसको आरोप छ, ती शिक्षकहरुले सार्वजनिक संपत्तिलाई क्षति पुर्याउनको साथै राज्य सरकारका कर्मचारिहरुलाई आफ्नो कर्तब्यको पालन गर्न देखि रोके। जुन शिक्षकहरुलाई समन पठाईएको छ ती मध्ये धेरै यस्ता शिक्षकहरु छन् जो पुलिसको कथित कार्रवाहीमा घाइते भएका छन्। कलकत्ता उच्च न्यायालयका एक अधिवक्ताले प्रदर्शनकारी शिक्षकहरुमाथि भएको लाठीचार्जको मामलामा उच्च न्यायालयसित स्वतः संज्ञान लिने अपील गरेका छन्। प्रदर्शनकारी शिक्षकहरुको मांग छ, राज्य सरकार अनि WBSSC ले यो स्पष्ट गरुन कि कुन-कुन अभ्यर्थिहरुले घूस दिएर नियुक्ति पाएका छन् अनि कुन अभ्यर्थी निष्कलंक छन्। यस मुद्दालाई पश्चिम बंगाल विधानसभामा भारतीय जनता पार्टीको विधायी टीमले आगामी ६ जून देखि शुरू हुने मानसून सत्रमा जोर-शोरले उठाउने नेता प्रतिपक्ष शुभेंदु अधिकारीले अघिबाटै घोषणा गरिसकेका छन्।

## शुभेन्दु अधिकारी

पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले एकपटक फेरि राज्यको ममता ब्यनर्जी सरकारमाथि प्रहार गरेका छन्। उहाले बिहार सरकारद्वारा हालैमा गरिएको घोषणालाई आधार बनाउँदै भन्नुभयो, चाहे त्यो महँगी भत्ता होस् वा अपरेशन सिन्दूरका शहीदहरूका परिवारहरूलाई क्षतिपूर्ति दिने मामिला होस् हरेक मोर्चामा बंगाल सरकार बिहारभन्दा पछाड़ि छ। उहाले भन्नुभयो- बिहार सरकारले आफ्ना कर्मचारीहरूका लागि डीएमा दुई प्रतिशत वृद्धि गर्दै यसलाई अब केन्द्र सरकारको बराबर अर्थात ५५ प्रतिशत बनाइदिएको छ भने यसको विपरीत पश्चिम बंगाल सरकारका कर्मचारीहरू अहिले पनि मात्र १८ प्रतिशत डीएमाथि निर्भर छन् जुन अत्यन्त लज्जाजनक छ। हालैमा सर्वोच्च न्यायालयको एक डिभीजन बेञ्चले पश्चिम बंगाल सरकारलाई कर्मचारीहरूको २५ प्रतिशत महंगाई भत्ताको राशि तत्काल भुक्तान गर्ने निर्देश दिएको पनि उल्लेख गर्नुभयो। यस आदेश अनुसार राज्य सरकारको थाप्लोमा लगभग १२ हजार करोड़को वित्तीय बोझ बढ़ेको छ। अपरेशन सिन्दूरमा शहीद भएका जवानहरूका परिवारहरूलाई क्षतिपूर्ति दिने मामिलामा पनि अधिकारीले ममता सरकारको आलोचना गर्दै पश्चिम बंगाल सरकारले आफ्ना राज्यको शहीद जवानका परिवारलाई मात्र १० लाख रुपियाँको सहयोग राशि दिएको जबकि बिहार सरकारले ५० लाख रुपियाँ क्षतिपूर्ति दिने घोषणा गरेको बताउनुभयो।

## अनित थापा

न्यायलयमा बिचाराधीन ३१३ शिक्षकहरुको मुद्दामा बोल्दै जिटिए प्रमुख अनित थापाले आफूहरु सिस्टमको पक्षमा रहेको र नियुक्तिहरू सिस्टम अनुसार हुनु पर्ने बिषय माथि जोड दिनुभएको छ। श्री थापाले यो बयान आज जीटीए र खरसाङ सिंचाई तथा जलपथ विभागद्वारा पाण्डु ग्राम पञ्चायतमा नवनिर्मित थापाथली सार्वजनिक भवनको उद्धाटन समारोहमा दिनु भएको हो। उहाँले शिक्षकहरूको मुद्दामा विपक्षीहरूलाई कटाक्ष गर्दै मुद्दा न्यायालयमा विचाराधीन रहेको तर यहाँ सबैजना अधिवक्ता बनेर लाञ्छना लगाइरहेको बताउँनु भयो। यसका साथै श्री थापाले पहाडमा शान्ति र विकासको लागि बिजीपीएमको वैचारिक राजनीतिको महत्त्वमाथि जोड दिनु भयो। थापाले पहाडले सही दिशा लिएको बताउँदै शान्त वातावरणलाई झगडालु बनाउने प्रयास गर्नेहरू विरुद्ध सचेत रहने उहाले आग्रह गर्नुभयो।

## अन्तर्राष्ट्रीय संग्रहालय दिवस

आज बिस्वभरि अन्तर्राष्ट्रीय संग्रहालय दिवस मनाइन्दै छ। यो दिवस प्रतिवर्ष सांस्कृतिक आदान-प्रदानए सांस्कृतिक समृद्धिए सहयोग अनि शांतिलाई बढ़ावा दिने महत्वपूर्ण साधनको रूपमा संग्रहालयहरुको भूमिका बारे जागरूकता बढ़ाउन हेतु मनाइन्छ। यस वर्षको विषय -तिब्र गतिमा बदलिरहेको समुदायहरुमा संग्रहालयहरुको भविष्य रहेको छ। भारतीय पुरातत्व सर्वेक्षणले आज देशका सबै एएसआई स्मारकहरु अनि संग्रहालयहरुमा निशुल्क प्रवेशको घोषणा गरेको छ। यो पहलले अमूल्य संग्रहहरु हेर्नका लागि एक अवसर प्रदान गर्दछ।

## साकेला उभौली महोत्सव

किराँती खम्बु (राई) सांस्कृतिक संस्थानको आयोजनामा आगामी २४ अनि २५ मईको दिन मिरिकमा साकेला उभौली महोत्सव २०२५ हुने भएको छ। कार्यक्रममा सिक्किमका मुख्यमन्त्री पी.एस गोले, जीटीए चिफ अनि थापा, मिरिक नगरपालिका चेयरम्यान एल बि राईको विशेष उपस्थिति रहने छ। यस विषयमा मिरिक किराती खम्बू राई सांकृतिक संस्था सचिव राजीव राईले विस्तृत रूपमा जानकारी दिएका छन्।

## जिम्बा

गोर्खा राष्ट्रिय युवा मोर्चा (गोरायुमो) दार्जीलिङ ब्राञ्च कमिटीको सांगठानिक सभा आज ब्राञ्च कार्यालय दार्जीलिङमा सम्पन्न भएको छ। सभामा दार्जीलिङ विधान सभा क्षेत्रका विधायक निरज जिम्बाको प्रमुख उपस्थिति रहेको थियो। श्री जिम्बाले अब संगठनलाई तीव्र गतिमा अघि बढाउन तथा गोर्खा जातिको न्याय सुनिश्चित गर्नुको निम्ति नयाँ पुस्ता अग्रसर रहनुपर्नेमा जोड दिनुभयो। उहाँले दिल्लीले जे दिन्छ त्यो गोर्खा जातिका लागि राम्रो अनि हाम्रो हुने बताउनु भयो। त्यसका लागि समस्त गोर्खा एक भएर अघि बढ्न पर्ने अनि पार्टी अध्यक्ष मन घिसिङको हात बलियो बनाउनु पर्नेमा उहाले जोड दिनुभयो। श्री जिम्बाले आफू सदैव युवाहरुको पक्षमा खडा हुने बताउनु भयो। अर्कोतिर गोरायुमो ब्राञ्च अध्यक्ष सुरज कटुवालले गोरामुमोको जन्म नै गोर्खा जातिको उन्मुक्तिको लागि भएको बताउनु भयो।

## गिध्द पहाड-पहिरो

खरसाङको गिध्द पहाड स्थित राष्ट्रिय राजमार्ग ११० को मन्दिर बस्तीमा आज बिहान पैह्रो गएको छ। गिध्द पहाडको राम मन्दिरको मुनि पट्टि रहेको एनएच ११० मा रोड चौढा गर्ने कार्य चलिरहेको ठाउँदेखि पैह्रो गएको छ। पैह्रो आज बिहान ५ बजीतिर गएको स्थानीयहरुले बताएका छन्। पैह्रो गएपछि सडक मुनि रहेको रञ्जु छेत्रीको घरलाई आंशिक रुपमा क्षति भएको छ भने बिजय थापाको घरलाई निक्कै खतरा उत्पन्न भएको बताइएको छ। गिध्द पहाड क्षेत्रमा रहेको एनएच ११० मा रोड चौढा गर्ने कार्य चलिरहेको र यो मरमत्ति कार्य अन्तिम चरणमा रहेको छ तर आज बिहान परेको मुसलधारे पानीले गर्दा नालाहरु बुच्चीएर पानी सबै त्येस क्षेत्रमा बगेकोले पहिरो गएको स्थानीयहरुले बताएका छन्।

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिकाका अवकाश प्राप्त कर्मचारीहरूको संस्था खरसाङ म्युनिसिपल पेन्सनरर्स एसोसिएशनका सदस्यहरूले आफुहरूले भोगिरहेका विभिन्न समस्यालाई लिएर सभा सम्पन्न गरेको छ। यस सभामा एसोसिएशनका पदाधिकारी अनि सदस्यहरूको उपस्थितिमा आफ्ना समस्याबारे चर्चा परिचर्चा भएको छ। सभापछि पत्रकारहरुलाई जानकारी गराउँदै एसोसिएशनका अध्यक्ष सुब्र रूम्बा, सचिव मनोजकुमार छेत्री अनि सह-सचिव प्रितमकुमार छेत्रीले यस विषयमा जानकारी गराउँदै गत केही वर्षदेखि नगरपालिकाका कर्मचारीहरूले अवकाश ग्रहण गरेपछि पाउनु पर्ने रकममा अनियमितता रहेको बताएका छन्।